नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ३०५ २०८१ साल असार ३१ गते सोमबार (15 July 2024 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : यस्ता छन् तीन निजी क्षेत्रको... ३ पृष्ठमा : प्रमुख प्रशासकीय अधिकृतलाई ... ३ पृष्ठमानिर्वाचन ऱ्यालीमा गोली...

# सडक निर्माणको माग गर्दै गाउँपालिका अध्यक्ष बसे धर्नामा




**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका अध्यक्षसहित जनप्रतिनिधिहरु जिर्ण सडकको स्तरोन्नतीको माग गर्दै आइतबार सिरहाको लहानस्थित सडक डिभिजन कार्यालयमा धर्नामा बसेका छन् ।

प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता मन्दिरसम्म पुग्ने जिर्ण सडकको स्तरोन्नती गर्न सडक निर्माण कम्पनीले निकै ढिलाई गरेको भन्दै पालिकाका अध्यक्ष विद्यानन्द चौधरीको अगुवाईमा जनप्रतिनिधिको एक टोली लहानस्थित सडक डिभिजन कार्यालय पुगेर धर्ना बसेका हुन् ।

जिर्ण सडकको स्तरोन्नतीको नाममा झण्डै दुई वर्षदेखी सडक खनेर अलपत्र पार्दा सवारीसाधन आवतजावतका साथै पैदलयात्री समेतलाई समस्या भएको छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष चौधरीको भनाई छ। रुपनीदेखी राजविराज हुँदै छिन्नमस्ता सखडा बजार र सीमावर्ती भारतको न्योर बोर्डरसम्म निर्माण भइरहेको सडक तोकिएको समयमा निर्माण नभएपछि दबाबका लागि आन्दोलनमा उत्रनु परेको उनले बताए ।

लामो समयदेखी सडक खनेर छोड्दा र खाल्डाखुल्डी भएर आवतजावतमा समस्या भएको, प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता मन्दिरसम्म स्वदेशी र विदेशी भक्तजन आउन समस्या भएको तथा दुर्घटनाको जोखिम समेत भएको भन्दै यसअघि पनि पटक पटक ध्यानाकर्षण गराउँदा कुनै सुनुवाई नभएकाले बाध्य भई धर्नामा बस्नु परेको उनले बताए ।

राजविराज-छिन्नमस्ता सडकको तीन प्याकेजमा निर्माण कार्य भइरहेको र सम्झौता अनुसार ठेकेदार कम्पनीले काम नगरेको भन्दै पालिकाका जनप्रतिनिधिहरुले ठेकेदार कम्पनिलाई कारवाही गर्न माग समेत गरेका छन् ।

चार बुँदे माग राखी सुरु गरिएको धर्नामा गाउँपालिकाका अध्यक्षसहित वडा अध्यक्ष र स्थानीयवासी गरि दुई दर्जनभन्दा बढी सहभागि भएका छन् । उनीहरुले सिघ्र माग पुरा नभए संघीय राजधानीमै गएर धर्नामा बस्ने चेतावनी समेत दिएका छन् ।

# सडक हिलाम्मे बनाएर निर्माण कम्पनी फरार



**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

सप्तरीको महादेवा गाउँपालिका वडा नं. १ स्थित पकरी डलवा बाग सडकखण्डको

***बाँकी अन्तिम पृष्ठमा***

# जसपाद्वारा बाढीपहिराबाट भएको क्षतिप्रति दु:ख व्यक्त

**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

जनता समाजवादी पार्टी ( जसपा) नेपालले अविरल वर्षासँगै मुलुकका विभिन्न स्थानमा बाढी र पहिराबाट भएको धनजनको क्षतिप्रति दु:ख व्यक्त गरेको छ ।

पार्टी अध्यक्ष उपेन्द्र यादवले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै प्राकृतिक विपद्मा परी जीवन गुमाउनेप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् ।

उनले घाइतेको उपचारको सम्पूर्ण व्यवस्था तथा पीडित परिवारलाई यथाशीघ्र राहतको व्यवस्था मिलाउन सरकारसमक्ष आग्रह गर्दै बाढी प्रभावित क्षेत्रमा उद्धार तथा राहत कार्यमा जुट्न पार्टीका सदस्य तथा भ्रातृ सङ्गठनलाई आग्रह पनि गरेका छन् ।

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

**मेरील्याण्डमा कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।**

व्यवस्थापन शिक्षामा राष्ट्रिय पहिचान बनाई विगत २१ वर्षदेखी देशभरीका ७००० (सात हजार) भन्दा बढी कलेज मध्येबाट लगातार **Top Ten** मा पर्न सफल साथै यस पल्ट राष्ट्रिय स्तरमै नेपालको **७ औं** स्थानमा पर्न सफल यस मेरील्याण्ड कलेजमा कक्षा ११ मा नयाँ भर्ना खुलेको कुरा बिनम्र अनुरोध छ ।

**मेरील्याण्ड कलेज**
रंगेली रोड, बिराटनगर
सम्पर्क नं. : ०२१ | ५७५२७५, ५१५५४०,
मो. नं. ९८५२०२०३३६ | ५७६८३६, ५७०४९२

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १६ वर्ष देखी संचालन हुदै आएको
**ओभरसियरी क्याम्पस**
( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
( ३ बर्षे )

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
**फारम भर्ने अन्तिम मिति** : २०८१ श्रावण १३ गते सम्म ।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**CTEVT बाट मान्यता प्राप्त**
**जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज**

**संचालित कार्यक्रमहरु**

डिप्लोमा तह
**H.A.** (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

**V-JTA** भेटनरी जे.टी.ए.
१८ महिने
**P-JTA** बाली विज्ञान
१८ महिने

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म
प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार
समय : बिहान ८ बजेदेखी (H.A.)
समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

**आजै सम्पर्क गर्नुहोस्**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### नगर व्यवस्थित गर्नतर्फ अग्रसर हुनैपर्छ

राजविराज नगरको सरसफाई, बिजुली बत्ति, सवारी पार्किङमा पहिलेको भन्दा निकै सुधार भएको छ । तर, यस बाहेक बजार र हटिया व्यवस्थापन, सडकहरुको अवस्था भने अहिले अव्यवस्थित नै रहेको छ । यस बाहेक अव्यवस्थित तरिकाले बनिरहेको घरहरुबारे नगरपालिकाले खासै ध्यान दिएको देखिदैन् । बाटोमा बनेको खाल्डो खुल्डोमा वर्षाको पानी जमेपछि बटुवा तथा सवारीसाधनहरुलाई आवतजावत गर्न कठिनाई भइरहेकोप्रति पनि कुनै सुनुवाई छैन् ।

यता सहरको मुख्य चौकहरुमा फुटपाथलाई पसलेहरुले कब्जा गरेर नीजि प्रयोग गर्दैआइरहेको प्रति पनि कुनै वास्ता छैन् । सडक छ, बिजुली बत्ति छ । तर, सडक जिर्ण बन्दै गएको छ भने नगरको सहायक सडकहरुमा बत्ति बल्दैन् । नाला छ, तर ढलको व्यवस्था छैन् । पर्याप्त मात्रामा सार्वजनिक शौचालय नहुँदा व्यक्तिहरुले सास्ती व्यहोर्नु परेको छ ।

यद्पी नगरपालिकाले केही समयदेखी नगरलाई व्यवस्थित गर्नतर्फ अग्रसर भएको छ । तसर्थ मुलुककै पहिलो टाउन प्लानिङ्ग राजविराज नगरपालिकालाई अहिलेको अवस्थाबाट उन्मूख गराउन सम्पूर्ण नगरवासीका साथै नगरपालिकाले पनि हातोमालो गरेर व्यवस्थित गर्नतर्फ अग्रसर हुनैपर्छ ।

# यस्ता छन् तीन निजी क्षेत्रको राष्ट्र बैङ्कलाई सुझाव

काठमाडौँ, ३० असार (रासस) ।

नेपाल राष्ट्र बैङ्क आगामी आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको अन्तिम तयारीमा छ । साउन पहिलो वा दोस्रो हप्ताभित्र मौद्रिक नीति ल्याइसक्ने तयारीमा राष्ट्र बैङ्क लागिरहँदा निजी क्षेत्रका छाता संस्थाहरूले मौद्रिक नीतिमा समावेश गर्नुपर्ने विभिन्न सुझाव दिइसकेका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्सलगायत संस्थाहरूले मौद्रिक नीतिबाट सम्बोधन गरिनुपर्ने विषयमा राष्ट्र बैङ्कलाई सुझाव दिइसकेका हुन् ।

मुख्यगरी, अहिले बाह्य क्षेत्र सन्तुलनमा रहेको, बैङ्क वित्तीय संस्थामा पर्याप्त तरलता रहेको, ब्याजदर घटेको जस्ता सकारात्मक सूचकहरू वित्तीय क्षेत्रमा रहे पनि समग्र बजार माग घटेको, बैङ्क वित्तीय संस्थाबाट कर्जा प्रवाह हुन नसकेको, खराब कर्जा बढेको, पुँजीकोष व्यवस्थापनमा चाप रहेकोजस्ता समस्या विद्यमान छ । सरकारले आगामी आर्थिक वर्षको बजेटमा राखेको छ प्रतिशतको आर्थिक वृद्धिदर र साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीति कायम गर्न सघाउ पुग्नेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउनुपर्ने देखिन्छ । निजी क्षेत्रले पनि सरकारले लिएको वित्त नीतिलाई सघाउ पुऱ्याउने र समग्र अर्थतन्त्रमा देखिएको शिथिलता चिर्नेगरी मौद्रिक नीति आउनुपर्ने सुझाव दिएका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घले यही असार २५ गते आगामी आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिसम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्दै राष्ट्र बैङ्कलाई सुझाव दिएको थियो । महासङ्घका तर्फबाट सुझाव दिँदै अध्यक्ष चन्द्रप्रसाद ढकालले बैङ्क वित्तीय संस्थामा पर्याप्त तरलता रहे पनि कर्जा विस्तार हुन नसकेको विद्यमान परिस्थितिमा बजार माग बढाउन र उद्योगको उत्पादन क्षमता विस्तार गर्न सहज हुनेगरी मौद्रिक नीति आउनुपर्नेमा जोड दिनुभएको थियो । उत्पादनमूलक उद्योगको क्षमता बढाउने र व्यापारिक प्रयोजनको भन्दा औद्योगिक प्रयोजनको कर्जा ब्याजदर कम गर्ने विषय कार्यान्वयन गर्न मौद्रिक नीतिमा केही व्यवस्था ल्याइनुपर्ने सुझाव महासङ्घको छ ।

बजार मागमा आएको सङ्कुचनका कारण उद्योगहरूको ऋण तिर्ने क्षमता कम भएकाले त्यसलाई सम्बोधन गरिनुपर्ने र लगानीलाई प्रोत्साहन गर्ने नीति आउनुपर्ने माग महासङ्घको छ ।

पर्यटन तत्काल प्रतिफल दिने क्षेत्र भएकाले यो व्यवसायलाई प्रवर्द्धन गर्ने तथा कर्जा प्रवाह सहज र सुलभ गरिनुपर्ने सुझाव पनि महासङ्घले दिएको छ । गत वर्षभन्दा कर्जाको ब्याजदर घटे तापनि निक्षेपको तुलनामा कर्जा प्रवाह आधा मात्रै बढेको, नगद प्रवाहमा समस्या भएको, न्यून उत्पादन, निजी क्षेत्रको गिर्दो मनोबलका कारण नयाँ लगानीका योजना स्थगन भइरहेकोलगायत समस्या रहेकाले पुराना लगानीकर्ताले लगानी बढाउने र नयाँ व्यवसायीले नयाँ लगानी गर्ने वातावरण आवश्यक रहेको महासङ्घले जनाएको छ ।

बजारमा माग सृजनाका लागि सानो कर्जा सुविधा विस्तार गर्न बैङ्क वित्तीय संस्थाहरूलाई प्रोत्साहन गरिनुपर्ने तथा सहकारी र लघुवित्तमा आएका समस्याले रकम प्रवाह घटेका कारण यो विषयलाई मौद्रिक नीतिले समेट्नुपर्ने सुझाव महासङ्घले दिएको छ । त्यस्तै, उद्योग व्यवसाय बन्द गर्नुपरेमा साँवाब्याजको किस्ता तिर्ने प्रतिबद्धता भएका उद्योगहरू बन्द गर्न पाउने व्यवस्था गरी सहज कर्जा राफसाफको व्यवस्था गर्न महासङ्घले राष्ट्र बैङ्कसँग आग्रह गरेको छ ।

विगतमा फरक परिस्थितिमा ल्याइएका नीतिहरू अहिलेको अवस्थामा सान्दर्भिक भए-नभएको मूल्याङ्कन गरिनुपर्ने सुझाव महासङ्घको छ । आयात निरुत्साहित गर्ने, कर्जा नियन्त्रण गर्ने नीतिको असर अहिलेसम्म देखिएकाले त्यसलाई सुधार गरिनुपर्ने र चालु पुँजी कर्जासम्बन्धी व्यवस्था सहज बनाउन सकिनेबारे राष्ट्र बैङ्कले पुनर्विचार गर्नुपर्ने महासङ्घको भनाइ छ ।

उद्योगी-व्यवसायीहरूको अर्को संस्था नेपाल उद्योग परिसङ्घले नीतिगत र संरचनागत सुधारलाई ध्यानमा राखेर आगामी मौद्रिक नीति ल्याउन बैङ्कलाई आग्रह गरेको छ । गत शुक्रबार परिसङ्घका तर्फबाट नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीलाई सुझाव दिँदै आर्थिक गतिविधिमा महिनौँदेखि कायम शिथिलता र उद्योग-व्यवसायको उत्पादन तथा कारोबारमा मन्दीको बहुआयामिक प्रभावलाई ध्यानमा राख्दै मौद्रिक नीति ल्याउन सुझाव दिएको हो । सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटका लक्ष्यहरू हासिल गर्न सघाउने गरी मौद्रिक नीति ल्याउनुपर्ने आवश्यकता परिसङ्घले औँल्याएको छ । निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहित गर्नुपर्ने र यसबाट नयाँ रोजगारी सृजना तथा बजार मागमा वृद्धिमार्फत अर्थतन्त्र पुनरुत्थानमा सहयोगी हुनेगरी मौद्रिक नीति आउनुपर्ने परिसङ्घको भनाइ छ ।

परिसङ्घले प्रमुख मौद्रिक उपायहरू, समष्टिगत विवेकपूर्ण मौद्रिक उपायहरू र संरचनागत सुधारका विषयमा राष्ट्र बैङ्कलाई सुझाव दिएको छ । राष्ट्र बैङ्कले नीतिगत दर घटाउँदासमेत बैङ्क ब्याजदरमा त्यो प्रतिबिम्बित हुन नसकेको, बरु उल्टै बैङ्क ब्याजदर घट्नुको साटो बैङ्कहरूले बढाएको देखिएको अवस्थामा बैङ्क ब्याजदरलाई अनुशासित गर्न सक्ने गरी नीतिगत दरलाई प्रभावकारी बनाउनुपर्ने सुझाव परिसङ्घको छ । वैधानिक तरलता अनुपात (एसएलआर) लचिलो हुनुपर्ने, अन्तर्राष्ट्रिय अभ्यासअनुरुप हुनेगरी आधार दरको उन्नत विकल्पमा जानुपर्ने, राष्ट्र बैङ्कले हाल लागू गरेको शून्य दशमलव पाँच प्रतिशत काउन्टर साइक्लिकल क्यापिटल बफर (

*बाँकी तीन पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569



**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : रुपनी गाउँपालिका, सप्तरी**



**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।


**जनहीतका लागि : महादेवा गाउँपालिका, सप्तरी**

# प्रमुख प्रशासकीय अधिकृतलाई दुई वर्षसम्म सरुवा नगर्न प्रस्ताव

**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

स्थानीय तहमा खटाइने प्रमुख प्रशासकीय अधिकृतलाई कम्तीमा दुई वर्ष सरुवा नगर्न सरकारले प्रस्ताव गरेको छ ।

स्थानीय तहमा कर्मचारी खटाउने मापदण्ड, २०७४ अनुसार अहिले सरूवाहरू हुँदै आएका छन् । तर, संघीय मामिला मन्त्रालयले जथाभावी सरूवाका निर्णय गर्दा २ सय २० भन्दा बढी स्थानीय तहमा अहिले प्रमुख प्रशासकीय अधिकृत छैनन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मनपरी हुने सरुवालाई रोक्न सरुवा, काज तथा कामकाज सम्बन्धी मापदण्ड, २०८१ प्रस्ताव गर्दै त्यसमा प्रमुख प्रशासकीय अधिकृतका रूपमा हालसम्म स्थानीय तह नगएका खटाउनेसहितका विशिष्ट व्यवस्था प्रस्ताव गरेको हो ।

मापदण्डअनुसार प्रमुख प्रशासकीय अधिकृतहरुको तलब भत्ता सम्बन्धित स्थानीय तहबाट भुक्तानी हुनेछ । स्थानीय तहहरुमा प्रमुख प्रशासकीय अधिकृतको पद रिक्त नरहने गरी कर्मचारी खटाउने व्यवस्था मन्त्रालयले मिलाउने छ । सहसचिवको दरबन्दी भएको स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउँदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट व्यवस्था भए बमोजिम हुने भनिएको छ ।

अहिले पनि महानगरपालिका तथा उपमहानगरपालिकामा नेपाल प्रशासन सेवाका राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी (सहसचिव), नगरपालिकामा द्वितीय श्रेणीका कर्मचारी (उपसचिव), गाउँपालिकामा तृतीय श्रेणीका कर्मचारी (शाखा अधिकृत) लाई खटाउने गरिएको छ ।

सम्भव भएसम्म सम्बन्धित कर्मचारीले कामकाज गर्न चाहेको प्राथमिकताको स्थानीय तहमा खटाइने मापदण्डमा प्रस्ताव गरिएको छ । संघीय मन्त्रालय, आयोग वा मातहतका निकायमा लगातार ३ वर्ष काम गरेका संघीय निजामती सेवाका सहसचिवबाहेकका कर्मचारीलाई आवश्यकताको आधारमा खटाउने प्रस्तावित मापदण्डमा उल्लेख छ । अब यसरी खटाउँदा स्थानीय तहमा काम नगरेका कर्मचारीलाई खटाउन अनिवार्य गरिने भएको छ ।

मन्त्रालयले स्थानीय तहको स्वीकृत दरबन्दी तेरिजबमोजिम प्रमुख प्रशासकीय अधिकृत तत्काल खटाउन नसकिने भएमा एक श्रेणी मुनिको पदमा कम्तीमा ५ वर्ष अनुभव भएको प्रशासन समूहको अधिकृतस्तरको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा खटाउने छ । यसरी खटाउँदा स्थानीय तहमा कार्यरत कर्मचारीभन्दा कनिष्ठ कर्मचारी नखटाउने मापदण्डमा प्रस्ताव गरिएको अनलाइन खबरले जनाएको छ ।

# बेपत्ताको खोजी गर्न डेढ सय सशस्त्र प्रहरी परिचालन

काठमाडौँ, ३० असार (रासस) ।

चितवनको सिमलतालमा गत शुक्रबार पहिरोसँगै त्रिशूली नदीमा खसेर बेपत्ता भएका दुई बसका यात्रुको खोजी गर्न एक सय ४९ सशस्त्र प्रहरी परिचालन गरिएका छन् । बेपत्ताको खोज तथा उद्धार गर्न सशस्त्र प्रहरी बल नेपाल, विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट प्रहरी नायब उपरीक्षकको नेतृत्वमा ११ गोताखोरसहित ७९ जना परिचालन गरिएका छन् ।

गण्डी त्रिशूली नदीको तटीय क्षेत्रका विभिन्न इलाकामा पनि फौज परिचालन गरी बेपत्ता यात्रु खोज्ने काम भइरहेको सशस्त्र प्रहरीका सहप्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो । खोजी कार्यमा सशस्त्र प्रहरीका साथै नेपाली सेना र नेपाल प्रहरी पनि खटिइएका छन् ।

सशस्त्र प्रहरीले दुर्घटनास्थल सिमलतालमा प्रहरी निरीक्षकको नेतृत्वमा २५, चनौली इलाकामा नं १७ गणका प्रहरी नायब उपरीक्षकको नेतृत्वमा ११, गोलाघाट इलाकामा सशस्त्र प्रहरी सहायक निरीक्षकको नेतृत्वमा 'र्‍याफ्याटिङ बोट' सहित १५, देवघाट इलाकामा सशस्त्र प्रहरी सहायक निरीक्षकको नेतृत्वमा १० र भरतपुरको पुल्चोकस्थित नारायणी नदी किनारमा सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा नौ जना परिचालित भएका छन् ।

त्रिशूली नदीमा पानीको मात्रा अत्यधिक र पानी धमिलो भए पनि खोजी कार्य जारी रहेको सशस्त्र प्रहरीले जनाएको छ । उद्धारका लागि खटिएका सुरक्षाकर्मीले ड्रोन क्यामेरा, सोनारा क्यामेरालगायत उपकरणको प्रयोग गरी बेपत्ता यात्रुको खोजी जारी राखेका छन् ।

गत शुक्रबार बिहान पहिरोले बगाएर त्रिशूली नदीमा दुई बसका बेपत्ता यात्रुमध्ये पाँच जनाको शव फेला परेको छ । चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव अधिकारीका अनुसार भेटिएका शवमध्ये तीनको पहिचान खुलेको छ । माडी नगपालिका-१ का २२ वर्षीय विकास परियार, सर्लाहीको बरहथवा नगरपालिका-३ का १९ वर्षीय रमितकुशर माझी र भारतको विहार प्रान्तको सीतामणिस्थित बर्गिनिया जमुहवाका २८ वर्षीय ऋषिपल साहको शव भेटिएको हो ।

काठमाडौँबाट गौरतर्फ गइरहेको बागमती प्रदेश०३-००१ख २४९५ र वीरगञ्जबाट काठमाडौँतर्फ आइरहेको बागमती प्रदेश०३-००६ख १५१६ नम्बरको बस भरतपुर महानगरपालिका-२९ सिमलतालमा पहिरोसँगै त्रिशूली नदीमा बगेका थिए । गौरतर्फ गइरहेको बसमा ३८ तथा काठमाडौँतर्फ आइरहेको बसमा २७ यात्रु बेपत्ता भएका अनुमान गरिएको छ ।

## *यस्ता छन्...*

सिसिबी) स्थगन गर्नुपर्ने, निर्देशित क्षेत्रको लगानी सीमा घटाउनुपर्नेलगायत सुझाव परिसङ्घले दिएको छ ।

जोखिम व्यवस्थापन तथा वित्तीय स्थायित्वका लागि खराब कर्जाको हकमा नोक्सानी व्यवस्थामा केही कडाइ गर्नु स्वाभाविक भए पनि किस्ता नियमित भएका असल कर्जाको हकमा कम कायम गर्नु व्यावहारिक हुने परिसङ्घले जनाएको छ । असल कर्जाको हकमा हाल रहेको एक दशमलव दुई प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई एक प्रतिशत कायम गर्नुपर्ने परिसङ्घको सुझाव छ । ऋणीको आय तथा कर्जा भुक्तानी योग्यता र धितोका आधारमा बैङ्क तथा वित्तीय संस्थाले कर्जा प्रदान गर्ने हुँदा शत्प्रतिशतभन्दा माथि कुनै पनि कर्जाको जोखिम भार कायम गर्न नहुने र यदि कुनै कर्जालाई अधिक जोखिमको वर्गमा राखी जोखिम भार सय प्रतिशतभन्दा बढी तोकिएमा सोको बलियो कारण खुलाई पारदर्शिता सुनिश्चित हुने व्यवस्था गर्न राष्ट्र बैङ्कलाई परिसङ्घले सुझाव दिएको हो ।

परिसङ्घले मौद्रिक नीति बनाउन राष्ट्र बैङ्कभित्र छुट्टै मौद्रिक नीति समिति गठन गर्ने, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न, निष्क्रिय कर्जाको वर्गीकरण तथा त्यसअन्तर्गत समूहको कर्जाका सम्बन्धमा गरिएका सम्पूर्ण नयाँ प्रावधानहरू खारेज गर्न, चालु पुँजी कर्जाको प्रावधान तत्काललाई स्थगन गर्न, मुद्दति र बचत निक्षेपमा विद्यमान अधिकतम र न्यूनतम ब्याजदर अन्तर (बढीमा पाँच प्रतिशत) को व्यवस्था हटाउन, ब्याजदरमा पुनरावलोकन गर्दा अघिल्लो महिना प्रकाशित दरमा १० प्रतिशतभन्दा धेरैले र एकपटकभन्दा बढी घटाउन वा बढाउन नपाउने व्यवस्था हटाउनुपर्नेलगायत सुझाव दिएको छ ।

त्यस्तै, निजी क्षेत्रको अर्को संस्था नेपाल चेम्बर अफ कमर्सले गत शुक्रबार एक औपचारिक कार्यक्रममार्फत मौद्रिक नीतिमा समावेश गरिनुपर्ने विषयबारे राष्ट्र बैङ्कलाई सुझाव दिइसकेको छ । उच्च आर्थिक वृद्धिका लागि स्थायी रूपमा एकल अङ्कको ब्याजदर कायम हुने नीति लिनुपर्ने, बैङ्क दर तथा नीतिगत दरहरू क्रमश: घटाउँदै लैजानुपर्ने, मुद्दति खाता र बचत खाताका फरक सीमामा विगतझैं खुला राख्नुपर्नेलगायत सुझाव राष्ट्र बैङ्कलाई दिएको छ । आर्थिक मन्दीबाट उन्मुक्ति नपाउन्जेलसम्ममा उद्यमी-व्यवसायीहरूलाई चालु पुँजीको उपलब्धता सरल र सहज तवरले हुनुपर्ने एवं चालुपुँजी कर्जा मार्गदर्शनलाई स्थगित गर्नुपर्नेलगायत सुझाव चेम्बर अफ कमर्सबाट आएका छन् ।


# बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : तिरहुत गाउँपालिका, सप्तरी**


# विश्व समाचार

## निर्वाचन र्‍यालीमा गोली चल्दा पूर्वराष्ट्रपति ट्रम्प घाइते

बटलर, संयुक्त राज्य अमेरिका, ३० असार (रासस/एएफपी) ।

अमेरिकी रिपब्लिकन पार्टीद्वारा पेन्सिल्भेनिआमा आयोजित र्‍यालीमा गोली प्रहार हुँदा रिपब्लिकन पार्टीका तर्फबाट राष्ट्रपतीय निर्वाचनका उम्मेदवार तथा भूतपूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प घाइते हुनुभएको छ । उहाँको कानबाट रगत आएको देखिएको छ । उहाँको हत्या गर्ने उद्देश्यले भएको ठानिएको उक्त घटनालगत्तै ट्रम्पलाई उक्त स्थानबाट बाहिर निकालिएको छ ।

उक्त घटनापछि ट्रम्पले आफ्नो दायाँ कानमा हात राखेको देखिन्छ ।उक्त र्‍यालीमा स्थिति नियन्त्रणमा लिनुअघि पटकपटक गोली चलेको आवाज सुनिएको प्रत्यक्षदर्शीले बताएका छन् । गोलीको आवाज आएपछि सुरक्षाकर्मीहरूले ट्रम्पलाई तत्कालै मञ्चबाट निकालेर गाडीतर्फ लगेका थिए ।

आफैँले खोलेको सामाजिक सञ्जाल 'ट्रुथ सोशल'मा सन्देश लेख्दै ट्रम्पले आफू 'सकुशल रहेको' र स्थानीय स्वास्थ्य संस्थाले आफ्नो उपचार गरिरहेको उल्लेख गर्नुभएको छ ।

ट्रम्पले लख्नुभएको छ, "र्‍यालीमा सुइँय्य गरेको आवाज सुन्नेबित्तिकै मलाई केही गडबड छ भन्ने लाग्यो, गोली चलेको र मेरो छाला खुइल्याउँदै गोली गएको मलाई महसुस भयो ।""धेरै रगत बगेपछि के भएको हो भन्ने मैले थाहा पाएँ," उहाँले थप्नुभयो । उनलाई बचाउन सुरक्षा अधिकारीहरू दौडादौड गरेको दृश्यबीच उहाँको कान र अनुहारमा रगत बगेको स्पष्ट रूपमा देखिएको थियो ।

उक्त घटनामा एक जना सन्दिग्ध व्यक्तिलाई 'यूएस सिक्रेट सर्भिस'का अधिकारीहरूले गोली हानेर हत्या गरिदिएको उक्त निकायका प्रवक्ता एन्थोनी गुग्लिएल्मीले बताउनुभयो । उहाँका अनुसार गोली प्रहारबाट एक जनाको मृत्यु भएको छ भने अन्य दुई जना गम्भीर घाइते भएका छन् ।

अमेरिकी गुप्तचर निकाय एफबीआईले ट्रम्पमाथि गोली चलाउने आक्रमणकारीको पहिचान खुलेको र उनी पेन्सिलभानियाका टोमस म्याथ्यू क्रुक्स रहेको जनाएको छ । ती स्रोतहरूले यो आक्रमणलाई ट्रम्पको हत्याको प्रयासको रूपमा लिइएको बताउँदै घटनाको थप अनुसन्धान भइरहेको बताएका छन् ।

## ट्रम्पमाथि भएको आक्रमणको विश्व समुदायको विरोध

वासिङ्टन, ३० असार (रासस/एएफपी) ।

अमेरिकी रिपब्लिकन पार्टीका तर्फबाट राष्ट्रपतीय निर्वाचनका उम्मेदवार तथा अमेरिकी भूतपूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि भएको गोली आक्रमणलाई लिएर विश्व समुदायले विरोध जनाएको छ ।

पेन्सिल्भेनिआमा आयोजित रिपब्लिकन पार्टीको र्‍यालीमा गोली प्रहार हुँदा उहाँ आइतबार घाइते हुनुभएको हो । विश्वका नेताहरूले आक्रमणको घटनाले आफूहरू स्तब्ध भएको प्रतिक्रिया व्यक्त गरेका छन् । संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेसले हत्या प्रयासका क्रममा घाइते हुनुभएका अमेरिकी पूर्वराष्ट्रपति ट्रम्पको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै घटनाको कडा शब्दमा निन्दा गर्नुभएको उहाँका प्रवक्ताले बताउनुभएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेन, पूर्वराष्ट्रपति बाराक ओबामा र बिल क्लिन्टनलगायत अमेरिकी राजनीतिज्ञहरूले आक्रमणको निन्दा गर्दै राजनीतिमा हिंसाका लागि कुनै स्थान नभएको बताएका छन् । युरोपेली सङ्घका विदेश नीति प्रमुख जोसेप बोरेलले पनि उक्त आक्रमणको निन्दा गर्नुभएको छ । "एक पटक फेरि, हामीले राजनीतिक प्रतिनिधिविरुद्धको हिंसा देखिरहेका छौं," उहाँले भन्नुभयो ।

## नैरोबीको फोहोरको थुप्रोमा आठ महिलाको शव भेटियो

नैरोबी, केन्या, ३० असार (रासस/सिन्ह्वा) ।

नैरोबीको सुकुम्बासी बस्तीको फोहोर फाल्ने स्थानबाट हालसम्म आठ जनाको शव फेला परेको केन्याका कार्यवाहक प्रहरी प्रमुखले बताएका छन् ।

कार्यवाहक प्रहरी प्रमुख डगलस कान्जाले पत्रकार सम्मेलनमा भन्नुभयो, "तिनीहरूलाई टुक्रा-टुक्रा पारिएको, सडेको विभिन्न अवस्थामा बोरामा छोडिएको थियो ।

कान्जाका अनुसार पहिलो छ जनाको शव शुक्रबार र अन्य दुई महिलाको शव शनिबार फेला परेको थियो ।उहाँले भन्नुभयो, "म सबै नागरिकलाई आश्वस्त पार्न चाहन्छु कि हामी पारदर्शी, विस्तृत र छिटो अनुसन्धान गर्न प्रतिबद्ध छौं ।"

कान्जाले अनुसन्धानमा जनसहयोगका लागि आह्वान गर्दै यस्ता जघन्य घटनाका दोषीलाई कानुनी कठघरामा ल्याइने बताउनुभएको छ । गत महिना सरकार विरोधी प्रदर्शनका क्रममा दर्जनौं प्रदर्शनकारीको मृत्यु भएको थियो भने जनआक्रोश बढेपछि केन्याका प्रहरी प्रमुख जाफेट कुमेले पदबाट राजीनामा दिनुभएको थियो भने कान्जाले यसै साता मात्र पदभार ग्रहण गर्नुभएको थियो ।

# मिटर ब्याजीलाई कारवाहीको माग गर्दै अदालत बाहिर प्रदर्शन र धर्ना



**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

मिटर व्याज पीडित संघर्ष समितिले आइतबार सप्तरी जिल्ला अदालत अगाडी प्रदर्शन गर्दै धर्ना दिएका छन् ।

मिटर व्याज पीडित संघर्ष समिति सप्तरीका अध्यक्ष मो.तैयवको अगुवाईमा प्रहरीद्वारा पक्राउ परेका सप्तरीका मिटर व्याजी रामदेव साहका श्रीमती शिव कुमारी साहलाई कडा कारवाहीको माग गर्दै प्रदर्शन र अदालत अगाडी धर्ना दिइएको हो ।

सप्तरीको खडक नगरपालिका निवासी मिटर व्याजी रामदेव साहका श्रीमती शिव कुमारी साहलाई कडा सजाय दे, रामदेव साहको परिवारले हड्पेको जग्गा निसर्त फिर्ता गर, रामदेव साहलाई पक्राउ गरी कारबाही गर लगायतका नारा उल्लेखीत प्लेकार्डसहित नगर परिक्रमा पश्चात् पीडितहरुले विहान १० बजेदेखि जिल्ला अदालत अगाडि शान्तिपुर्ण प्रदर्शन सहित धर्ना दिएका छन् ।

मिटर ब्याजी रामदेव साह हालसम्म फरार छन् । २०७९ साल जेष्ठ २६ मा साहका छोरा नन्दकिशोर धरानबाट र २८ गते छोरी अनुराधा पक्राउ परेकी थिइन । ती दुबै जना मध्ये छोरी अनुराधा विराटनगर र छोरा नन्दकिशोर पूर्पक्षका लागि अहिले राजविराज कारागारमा छन् । पछिल्लोपटक उनका श्रीमती शिवकुमारीलाई पनि प्रहरीले धरानबाट पक्राउ गरेको छ ।

धरानबाट असार २६ गते पक्राउ परेकी साहको जिल्ला अदालतमा आइतबार थुनछेक बहस चलिरहदा पीडितहरुद्वारा बाहिर धर्ना र प्रदर्शन गरिएको हो । पक्राउ परेका साहमाथी पनि कडा कारवाही हुनुपर्ने आफूहरुको मुख्य माग रहेको संघर्ष समितिका अध्यक्ष मो. तैयवले बताए ।

रामदेव साह र उनको परिवार विरुद्ध २०७८ सालमा ठगी अपराधिक तथा बिश्वासघात मुद्दा ईलाका प्रहरी कार्यालय कल्याणपुरमा दर्ता भएको थियो ।

# महासंघमा लगाइएको ताला खोलिए

**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

नेपाल प्रेस युनियन सप्तरीले नेपाल पत्रकार महासंघ सप्तरी शाखामा लगाएको ताला आइतबार खोलेको छ ।



सदस्यता वितरण विधिसम्मत नभएको विरोधमा प्रेस युनियनले असार १४ गते महासंघको केन्द्रीय कार्यालय, प्रदेश र जिल्ला शाखा कार्यालयमा ताला लगाएको थियो ।

तालाबन्दीका कारण असार १५ गते केन्द्रीय निर्वाचन समितिले सोही दिन तय उम्मेदवारी दर्तासहितका निर्वाचन प्रक्रिया स्थगित भएको थियो । असार २२ गतेका लागि तय गरिएको निर्वाचन अवरुद्ध भएको थियो । त्यसअघि जेठ २६ का लागि तय गरिएको निर्वाचन तालिका पनि सदस्यता विवादकै कारण अवरुद्ध भएको थियो ।

असार २९ गते शनिबार महासंघ अध्यक्ष विपुल पोखरेल र युनियन अध्यक्ष लम्सालबिच भएको लिखित सहमति बमोजिम उक्त ताला खोलिएको छ । महासंघ र युनियनबिच शनिवार महासंघको निर्वाचन प्रक्रिया अविलम्ब अगाडि बढाउन भन्दै दुई बुँदे सहमति भएको थियो । जसमा मतदाता नामावलीमा प्रक्रियामा आएर पनि छुट्न गएका सक्रिय पत्रकारहरूको हकमा युनियनले देखाएको चासो र मागलाई सम्बोधन गर्ने र युनियनले आन्दोलनका सम्पूर्ण कार्यक्रम फिर्ता लिने उल्लेख छ ।

महासंघले प्रक्रियामा आएर छुट्न गएका सक्रिय पत्रकारहरूको नाम समावेश गरी निर्वाचन तालिका सार्वजनिक गर्ने तयारी गरिरहेको बताइएको छ ।

# आपाङगता भएका सात छात्रछात्रालाई शैक्षिक सामग्री



**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

सात जना आपाङगता भएका छात्रछात्रालाई शैक्षिक सामग्रीसहित पोशाक बितरण गरिएको छ ।

सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीको आयोजनामा राजविराजस्थित पविमाबिका सात जना छात्रछात्राहरुलाई ती सामग्री बितरण गरिएको हो ।

सेभ द सप्तरीका अध्यक्ष ध्रुव प्रसाद देवको अध्यक्षतामा बितरण गरिएको शैक्षिक सामग्रीहरुमा बिद्यालय जानका लागि बिद्यालय पोशाक, सुत्ने डसना, टबेल, तकिया, नुहाउने र कपडा धुने साबुन, पेस्ट, ब्रस, लामखुटे धपाउनका लागि मच्छरदानी लगायत करिब १ लाख ६६ हजार ६५ रुपैया मुल्य बराबरको सामाग्रिहरु बितरण गरिएको शिक्षा अधिकृत दुर्गान्द शर्माले जानकारी दिए ।

शैक्षिक सामग्री बितरण कार्यक्रममा श्रोत शिक्षक वीरेन्द्र यादव,वडा सदस्य इन्द्रजीत यादव (त्रिभुवन), सेभ द सप्तरीका सचिव नरेन्द्र यादव, कार्यक्रम संयोजक बिष्णुकान्त देव, शिक्षा अधिकृत मुकेश मण्डल, सुपरभाइजर शिल्पा देव, बिनिता यादव र रामचन्द्र यादव सहितको उपस्थित रहेको थियो ।

# फेनसेपको सार्वजनिक सुनुवाई सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फेनसेप)को आयोजन क्लष्टर इकाई राजविराजले बर्षभरि आफ्नो कार्यालयद्वारा गरिएको कार्यक्रमको समिक्षा गर्दै सार्वजनिक सुनुवाइको कार्यक्रम सम्पन्न गरेको छ ।

जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिव नारायण साहको प्रमुख आतिथ्यमा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा उनले सप्तरी र सिरहाका सिमितै किसानलाई भएपनि फाइदा गरेको बताएका छन् ।

आयोजनाले किसानहरुलाई कृषी औजार तथा उपकरणहरु हस्तान्तरण गर्नु, खाद्य तथा पोषण बारे जनजागरण फैलाउनु, आधुनिक खेतीकालागि प्राविधिक ज्ञान सीप प्रदान गरेर सप्तरीका दुई पालिकाका फाईदा पुऱ्याए पनि यस्तो कार्यबाट अन्य पालिकाका किसानहरु लाभान्वित नहुनु दुर्भाग्यपूर्ण रहेको उनको तर्क थियो ।

फेनसेपका राजविराज ईकाई प्रमुख रामसोगारथ साहको अध्यक्षतामा भएको सुनवाईमा विष्णुपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तकुमार मण्डलले आयोजनाको कारणले पछिल्लो ५ बर्षसम्म पालिकाको किसानहरू माझ काम गर्दा प्राविधिक ज्ञान आदान प्रदान गर्ने अवसर मिलेको स्मरण गर्दै उनले आयोजनाको समयावधि समाप्त भएकोमा दुःख व्यक्त गरे तथा पालिकामा यस आयोजनाको सञ्चालनले स्थानीय किसानहरु बढी लाभान्वित भएको बताए ।

तिरु फेन्सेप राजविराज क्लष्टरका पशु विकास अधिकृत विनय विक्रम रत्नद्वारा सञ्चालित कार्यक्रममा राजगढ गाउँ पालिकाकी कृषि शाखा प्रतिनिधि राधा यादव, किसान मिना खातुनले आयोजनाबाट राम्रो उपलब्धि प्राप्त भएको बताए ।

आयोजन सञ्चालन भएको सप्तरीका दुई पालिका विष्णुपुर र राजगढका कृषी, पशु, स्वास्थ्य शाखाका कर्मचारीहरु, पत्रकारहरु, कृषि समुह, आमा समुह र पशुपालन समुहका पदाधिकारी तथा प्रतिनिधि किसानहरुको सहभागीता रहेको सार्वजनिक सुनुवाइ कार्यक्रममा फेनसेप सप्तरीका कृषि अधिकृत विजय कुमार मण्डलले स्वागत गरेका थिए ।

## *सडक हिलाम्मे ...*

निर्माण कार्य अलपत्र छोडेर ठेकेदार कम्पनी फरार भएका छन् ।

मधेश प्रदेश सरकारले पकरी डलवा बाग सडकको रमन-आईएसएनबी जेबी जनकपुरधाम धनुषासँग गत २०७८ साल चैत ७ गते ३१ करोड २४ लाख ८ हजार ३२४ रुपैयाँ २८ पैसामा ( भ्याट बाहेक) मा सम्झौता गरेको थियो । सम्झौत अनुसार २०८० चैत ८ गते सो कार्य सम्पन्न गर्नुपर्ने थियो । तर, फागुन-चैतदेखि कछुवाको तालमा कुनै कुनै ठाउँमा मात्र ग्रोभल हालेका कारण स्थानियहरु अहिले हिलाम्मे सडकमा आवतजावत गर्न बाध्य छन् ।

हिलोका कारण सो ठाउँमा एम्बुलेन्स जान नसक्दा विरामीलाई बोकेर हुलाकी लोकमार्गसम्म ल्याउनु परेको स्थानिय जयनारायण बताउछन् ।

निर्माण कम्पनीका ईन्जिनियर के.पी. शर्माले सो सडकमा विवाद रहेकोले काम नगरेको बताए । यता वडाध्यक्ष जयश्वर किशोर दासले बाटो निर्माण गर्ने विषयमा कुनै विवाद नरहेको दावी गरे ।


# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : डाक्नेश्वरी नगरपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*